

# १ पढ्दै बुझ्दै

<u>*यस अध्यायका मूल पदहरूः*</u> लूका २४:२५-२७, २ पत्रुस ३:११-१३, योना ३:३-१०, गन्ती १४:३४, दानिएल ९:२३, १०:११,१२।

<u>*यस अध्यायको मूल सार पदः*</u> **"त्यसकारण फिलिप उनकहाँ दगुरेर गए र उनले यशैया अगमवक्ताले लेखेका वचनहरू पढिरहेको उनले सुने र सोधे, "तपाईँले जे पढिरहनुभएको छ सो बुझ्नु भएको छ?'" (प्रेरित ८:३० रूपान्तरित)**

दानिएलको पुस्तकको पानाहरूबाटै हाम्रो चर्च जन्मिएको थियो। यस अध्ययन पुस्तकको विषयवस्तु धर्मशास्त्र बाइबलको एक महत्त्वपूर्ण पुस्तक दानिएल हो। जब हामी यो अध्ययन सुरू गर्छौं तब यस अध्ययनलाई स्पष्ट पारि बुझाउन हामी देहायका बुँदाहरूलाई हाम्रो दिमागमा राख्नेछौं।

१. हामीले यो सधैं सम्झिरहनु र बुझिरहनुपर्छ कि दानिएलको पुस्तकको केन्द्रविन्दु येशू ख्रीष्ट हुनुहुन्छ जसरी सम्पूर्ण बाइबलको केन्द्रविन्दु उहाँ हुनुहुन्छ।

२. दानिएलको पुस्तक यति सुन्दर साहित्यिक शैली वा ढाँचामा लेखिएको छ कि जब हामी यो पुस्तक पढ्छौं तब त्यसले औंल्याएका विषयबस्तुहरूलाई बुझाउन हामीलाई सजिलो पार्दछ।

३. युगको अन्तको बारेमा दिइएका भविष्यवाणीहरू र अन्य भविष्यवाणीहरूको बीचमा भएको भिन्नतालाई हामीले बुझ्नु जरूरी छ। यसले गर्दा दानिएलका भविष्यवाणीहरू र यशैया, आमोस र यर्मिया जस्ता अगमवक्ताहरूले दिएका भविष्यवाणीहरूको भिन्नतालाई बुझ्न सक्छौं।

४. जब हामी दानिएलका भविष्यवाणीहरूको रुपरेखाहरूमा उल्लेखित समयको वारेमा पढ्छौं तब त्यो समय वा दिनलाई हामीले लामो समयको

रूपमा बुझ्नुपर्छ। भविष्यवाणीमा एक दिनको अर्थ एक वर्ष हुन्छ भनेर बुझ्नु पनि आवश्यक छ।

५. दानिएलको पुस्तकमा केवल भविष्यवाणीका सन्देशहरूमात्र होइनन् तर आजको हाम्रो व्यक्तिगत जीवनमा सत्य सावित भइरहेका ती सन्देशहरू अत्यन्तै महत्त्वपूर्ण र सान्दर्भिक भइरहेको सत्यलाई पनि हामीले महसुस गर्नैपर्छ।

## १. दानिएलको पुस्तकको केन्द्रविन्दुः येशू ख्रीष्ट

**तपाईं र मैले समातिरहेको धर्मशास्त्र बाइबलको केन्द्रविन्दु येशू ख्रीष्ट हुनुहुन्छ भनेर देहायका केही पदहरूले हामीलाई कसरी सिकाउँछ? हेर्नुहोस्, लूका २४:२५-२७ "२५ उहाँले तिनीहरूलाई भन्नुभयो, "ए अबूझ ( वा मूर्ख) मानिस हो, तिमीहरूका हृदय यति सुस्त वा बुझ्नलाई ढिलो भएको छ, कि अगमवक्ताहरूले भनेका कुराहरू विश्वास गर्दैनौ! २६ के ख्रीष्टले यी कष्टहरू भोग्नु र आफ्नो महिमामा प्रवेश गर्नु आवश्यक थिएन र?" २७ *तब मोशा र सबै अगमवक्ताहरूबाट सुरु गरेर उहाँले धर्मशास्त्रमा आफ्नो विषयमा लेखिएका कुराहरूको अर्थ तिनीहरूलाई खोलिदिनुभयो।*", यूहन्ना ५:३९-४० "३९ तिमीहरू धर्मशास्त्रमा खोजी गर्दछौ, किनभने त्यहाँ अनन्त जीवन पाइन्छ भनी तिमीहरू ठान्छौ। मेरो विषयमा गवाही दिने ती नै धर्मशास्त्र हुन्, ४० तापनि तिमीहरू जीवन प्राप्त गर्न मकहाँ आउन इन्कार गर्छौ।" र २ कोरन्थी १:१८-२२ "१८ परमेश्वर विश्वासयोग्य हुनुभएझैं हाम्रो वचन पनि "हो" र "होइन" भएको छैन। १९ किनभने सिलास, तिमोथी र मैले तिमीहरूका बीचमा प्रचार गरेका परमेश्वरका पुत्र येशू ख्रीष्ट "हो" र "होइन" हुनुहुन्नथियो। तर उहाँमा सधैं "हो" मात्र छ। २० किनकि परमेश्वरका सबै प्रतिज्ञाहरू उहाँमा "हो" हुन्छ। यसैकारण उहाँद्वारा परमेश्वरका महिमाको निम्ति हामी "आमेन" भन्छौं। २१ तर हामीलाई तिमीहरूसँग ख्रीष्टमा दह्रिला पार्नुहुने र हामीलाई अभिषेक गर्नुहुने परमेश्वर नै हुनुहुन्छ। २२ उहाँले हामीमाथि आफ्नो छाप लाउनुभएको छ, र हाम्रा हृदयमा बैनाको रूपमा पवित्र आत्मा दिनुभएको छ।"**

येशू ख्रीष्टले प्रयोग गर्नु भएको सम्पूर्ण पुरानो करारको केन्द्रविन्दु उहाँ नै हुनुहुन्थ्यो भने त्यसमा दानिएलको पुस्तक पनि समावेश भएको थियो। पछि आएर नयाँ करारको पनि केन्द्रविन्दु येशू हुन जानुभएको छ। अर्थात् धर्मशास्त्र बाइबलका सबै ६६ वटा पुस्तकहरूको मूल विषयबस्तु येशू हुनुहुन्छ।

येशू र दानिएल समान नभएतापनि दानिएल १ अध्यायले देखाए अनुसार दानिएलको जीवनलाई येशूको जीवनसँग तुलना गरेर हेर्न सकिन्छ। येशू स्वर्गको वैभव अर्थात सिंहासन त्यागेर यस पापी संसारमा रहन आउनुभयो र अन्धकारको शक्तिसँग उहाँले सामना गर्नुभयो। दानिएल पनि राजकीय खानदानबाट आएका थिए। अझ दानिएल र उनका साथीहरूलाई येशूको जस्तै वौद्धिक क्षमता दिइएको थियो। पत्थरै पत्थर अर्थात सृष्टिका वस्तुहरूलाई भगवान भनेर पूजा गर्ने बेबिलोनको धर्म, संस्कृति र सभ्यताको चुनौति खप्न तिनीहरूलाई बुद्धिज्ञान चाहिएको थियो जुन परमेश्वरले तिनीहरूलाई प्रदान गर्नुभएको थियो। दानिएल अध्याय २मा विशेष शालिकको बारेमा व्याख्या गरिएको छ। त्यो शालिकको शिरदेखि खुट्टासम्म विश्व साम्राज्यको उदय र पतनको मानचित्र देखाइएको थियो भने त्यसको पाइतालाले युगको अन्तको (इस्टालोजिकल eschatological ) बारेमा चित्रण गर्दछ। अन्तत, यो विश्वका सारा साम्रज्यहरूको ठाउँमा येशूको राज्यले अधिकार जमाउनेछ भनेर यस अध्यायले चित्रण गर्दछ। आफ्ना बफादारी र आस्थावान सेवक तथा भक्तहरू आगोको भट्टीमा पर्दा (अर्थात् येशूलाई विश्वास गरेकै कारण आगोको भट्टीमा सास्ती खेप्नु पर्दैन भनिएको छैन) येशू तिनीहरूको साथमा हिंडिरहनुभएको थियो भनेर दानिएल अध्याय ३ले देखाउँदछ। यस संसारको मुख्य शासक परमेश्वर अर्थात स्वर्ग हुनुहुन्छ भनेर तत्कालीन विश्वसम्राट् नबूकदनेसरले महसुस गरुन् भनेर अस्थायी रुपमा उनको राज्यबाट उनलाई परमेश्वरले हटाउनुभएको थियो भनेर दानिएल ४ अध्यायले व्याख्या गर्दछ। "स्वर्गले शासन गर्छ" (दानिएल ४:२६ रूपान्तरित) वाक्यले येशू ख्रीष्ट "मानिसको पुत्रले" (दानिएल ७:१३) संसारको राज्य र पराक्रमलाई उहाँको हातमा लिनुहुनेछ भनेर हामीलाई याद दिलाउँछ जुन दानिएल ७ अध्यायमा चित्रण गरिएको छ। जब एक रात भोजभतेरमा लठ्ठ हुँदै परमेश्वरको अस्तित्वको खिल्ली उडाउँदै थिए राजा बेलशेजारलाई पर्सियाका राजाले बेबिलोनमा हमला गरेर उनलाई खतम गरेका थिए भनेर दानिएल ५ अध्यायले बताउँछ। परमेश्वरको खिल्ली उडाउने र उहाँलाई विरोध गर्ने शैतानलाई ख्रीष्ट र उहाँका स्वर्गदूतहरूले बेबिलोन सभ्यताको अन्त्य गरे झैं अन्त्य गर्नेछन् भनेर उक्त ५ अध्यायले पूर्वसूचना दिंदछ। जसरी मूल पुजारी र यहूदी धर्मगुरुहरूले षडयन्त्र गरेर येशूमाथि झुठा महाअभियोग लगाए त्यसरी नै दानिएललाई पनि मन्त्री तथा गन्यमान्य व्यक्तिहरूले महाअभियोग लगाएर सिंहको खोरमा फालेका थिए। राजा दारा वा

दारियसले दानिएललाई अभियोगबाट छुटाउन खोजेका थिए तर उनी सफल भएनन्। त्यसरी नै बडा हाकिम पिलातसले येशूलाई छुटाउन खोजेका थिए तर सफल भएनन् (मत्ती २७:१७-२४)। मानिसको पुत्र भएको हैशियतले येशू ख्रीष्टले आफ्नो राज्य पुन प्राप्त गरि उहाँका जनहरूमाथि राज गर्नुहुनेछ भनेर दानिएल ७ अध्यायले चित्रण गर्दछ। येशू ख्रीष्ट स्वर्गमा रहेको पवित्र मन्दिरको महापूजारी हुनुहुन्छ भनेर दानिएल ८ले देखाउँदछ। येशू ख्रीष्ट बलिको पाठो हुनुहुन्छ र उहाँको मृत्युले परमेश्वर र उहाँका जनहरूको बीचमा भएको करार पुनर्स्थापना भएको कुरा अध्याय ९ले चित्रण गर्दछ। र दानिएल १०-१२मा येशू ख्रीष्टलाई मिखाएलको रूपमा चित्रण गरिएको छ। त्यसमा उहाँ प्रधान सेनापति जसले दुष्टका फौज र शक्तिहरूलाई परास्त गरि परमेश्वरका जनहरूको विजय लडाइँमामात्र नभएर मृत्युबाट नै उद्धार समेत गर्नुहुनेछ भन्ने कुरा प्रस्तुत गरिएको छ। त्यसकारण जब हामी दानिएलको पुस्तक पढ्छौं तब त्यसको मूल विषयवस्तु येशू हुनुहुन्छ भन्ने कुरा दिमागमा राख्न भुल्नु हुँदैन। दानिएलको पुस्तकले प्रत्येक अध्यायमा कुनै न कुनै तरिकाले येशूलाई औँल्याएको पाइन्छ।

**दुःख, कष्ट, संघर्ष अथवा अत्यन्तै सुख, समृद्धि र सफलताको समयहरुमा समेत येशू ख्रीष्टलाई नै हाम्रो जीवनको केन्द्रविन्दु बनाइ राख्न हामीले कसरी सिक्ने? हाम्रो जीवनको प्रत्येक पाइलामा येशूलाई प्रथमस्थानमा राखेर हिंड्न किन जरुरी छ?**

## २. दानिएलको पुस्तकको बनावट

दानिएलले त्यसबेलाको प्रचलित भाषा अनुसार अध्याय २-७ लेखेका थिए। ती अध्यायहरूमा केही भाग त्यसबेला चलेका आरामिक र केही भाग हिब्रू भाषामा थियो। अध्याय २-७मा लेखिएको शैली अनुसार ती अध्यायहरूको मूल सन्देशलाई यसरी देखाउँन सकिन्छः

**अ.** नबूकदनेसरले देखेको चार साम्राज्यहरूको बारेमा स्वप्नदर्शन (दानिएल २)
**आ.** दानिएलका साथीहरूलाई आगोको भट्टीबाट गरिएको उद्धार (दानिएल ३),
**इ.** सम्राट् नबूकदनेसरमाथि न्याय (दानिएल ४),
**ई.** राजा बेलशेजारमाथि न्याय (दानिएल ५),
**उ.** सिंहहरूको खोरबाट दानिएलको उद्धार (दानिएल ६)
**ऊ.** दानिएलले देखेका चार राज्यहरूको स्वप्नदर्शन।

यस खालको लेखन सामग्रीमा मुख्य विषयवस्तुलाई केन्द्रविन्दु बनाएर राखिएको हुन्छ। यसको उदाहरण इ. र ई. अर्थात् दानिएल ४ र ५ अध्यायः परमेश्वरले मानव राज्यसत्तालाई अस्थायी रूपमा हटाउनुहुन्छ, जस्तै नबूकदनेसरको मामिलामा र स्थायी रूपमै पनि राज्यसत्तालाई हटाउनुहुन्छ, जस्तै बेलशेजारको मामिलामा। त्यसकारण, संसारका राजा वा शासकहरूमाथिको सार्वभौमसत्ता परमेश्वरकै हातमा छ। उहाँले नै नियुक्त गर्नुहुन्छ र हटाउनुहुन्छ भनेर अध्याय २-७ जोड दिँदछ।

कुनै संदेशलाई जनसमक्ष सुनाउनु छ र सो सन्देशको मूल विषयबस्तु स्पष्ट पार्नुछ भनेर त्यसलाई दोहोऱ्याइ तेहऱ्याइ सुनाउँनु अत्यन्तै प्रभावकारी हुन्छ। परमेश्वरले इजिप्टका राजा फारोलाई त्यस देशमा आइपर्ने भावी संकटको वारेमा तत्कालै दुई पटक सपनामा देखाएर बुझाउन खोज्नुभएको थियो (उत्पत्ति ४१:१-७)। पहिलो सपनामा सातवटा मोटो हृस्टपुष्ट गाईहरूललाई सातवटा दुब्ला गाइहरूले निलेका थिए। दोस्रो सपनामा सात वटा राम्रो मकैका घोगाहरूलाई सातवटा पातला र सुकेका पातहरू भएको मकैले खाइदिएका थिए। दुवै सपनाहरूको अर्थ एउटै थियोः इजिप्टमा सातवर्षसम्म बृष्टी, सहकाल र उन्नति अनि सात वर्षसम्म अनिकाल र हाहाकार। दानिएलको पुस्तकमा पनि परमेश्वरले दोहोऱ्याएर सन्देश दिने शैली अपनाउनु भएको थियो। दानिएलको पुस्तकमा चारवटा भविष्यवाणीका श्रृङ्खलाहरू प्रस्तुत गरिएका छन्। मूल विषयबस्तुहरूलाई स्पष्ट पार्न दोहोऱ्याएर स्वप्नदर्शन दिनु दानिएलको पुस्तकको आधारभूल बनावट हो। त्यस लेखनशैलीले यो जनाउँछ कि अन्तमा सारा जगतको प्रभुसत्ता वा सार्वभौमसत्ता परमेश्वरकै हातमा छ। मुख्य भविष्यवाणीका विभिन्न रुपरेखा वा विवरणहरूको विशेषता आआफ्नै दृष्टिकोणले देखाइएतापनि ती सबै भविष्यवाणीहरूको ऐतिहासिक समय वा युग एउटैलाई औंल्याएको थियो भनेर बुझाउन खोजिएको छ। भविष्यवाणीको ऐतिहासिक समय वा कालको घट्नाको सुरु अगमवक्ताको समयदेखि लिएर अन्तको समयसम्म हुने घट्नालाई देखाइएको छ। जसलमई देहायका चित्रले यसरी देखाउँछः

| दानिएल २ | दानिएल ७ | दानिएल ८,९ | दानिएल १०-१२ |
|---|---|---|---|
| बेबिलोन | बेबिलोन | | |
| मिड-पर्सिया | मिड-पर्सिया | मिड-पर्सिया | मिड-पर्सिया |

| | | | |
|---|---|---|---|
| ग्रीस | ग्रीस | ग्रीस | ग्रीस |
| रोम | रोम | रोम | रोम |
| परमेश्वरको राज्यको पुनर्स्थपना | स्वर्गमा गरिने न्याय जसले नयाँ पृथ्वीतिर डोर्याउँछ | पवित्र मन्दिरको शुद्धीकरण | मिखाएल उभिनुहुन्छ |

अहिले हामी निराशाको चक्करमा भएतापनि हामीमा के कहिल्यै नबिलाउने वा नष्ट नहुने महान् आशामा हाम्रो जीवन बुनिएको छ? हेर्नुहोस्, दानिएल २:४४ " "यी राजाहरूको समयमा स्वर्गका परमेश्वरले एउटा राज्य खड़ा गर्नुहुनेछ, जुनचाहिँ कहिल्यै नष्ट हुनेछैन, न त यसको सार्वभौमिकता अरू कुनै जातिको हातमा दिइनेछ। यसले यी सबै राज्यहरूलाई चकनाचूर पार्नेछ र अन्त्य गर्नेछ, तर यो राज्यचाहिँ सदासर्वदा रहिरहनेछ।", भजन ९:७-१२ " ७ परमप्रभुले सदाकालको निम्ति राज्य गर्नुहुन्छ। उहाँले न्यायको निम्ति आफ्नो सिंहासन तयार पार्नुभएको छ। ८ र उहाँले धार्मिकतासित संसारको न्याय गर्नुहुन्छ, उहाँले निष्पक्षतासित मानिसहरूमाथि शासन गर्नुहुन्छ। ९ थिचोमिचोमा परेकाहरूका निम्ति परमप्रभु किल्ला हुनुहुन्छ, कष्टको समयमा एउटा शरणस्थान। १० तपाईंको नाउँ जान्नेहरू जतिले आफ्नो भरोसा तपाईंमा राख्छन्, किनकि हे परमप्रभु, तपाईंको खोजी गर्नेहरूलाई तपाईंले त्यागनुभएको छैन। ११ सियोनमा विराजमान हुनुहुने परमप्रभुको स्तुति गाओ। मानिसहरूका बीचमा उहाँका कामहरूको घोषणा गर। १२ किनकि रगतको बदला लिनुहुनेले सम्झना गर्नुहुन्छ। सङ्कष्टमा परेकाहरूको पुकारलाई उहाँले बेवास्ता गर्नुहुन्न।" र २ पत्रुस ३:१०-१५ " १० तर प्रभुको दिन त चोरजस्तै गरी झट्टै आउनेछ, जसमा आकाशचाहिँ ठूलो आवाजसाथ बितिजानेछ, तत्त्वहरू आगोको रापले पग्लिनेछन्, र पृथ्वी र त्यसमा भएका सबै थोक भस्म हुनेछन्। ११ यी सबै कुराहरू यसरी पग्लन्छन् भन्ने जानेर पवित्रता र भक्तिको जीवनमा तिमीहरू कस्ता किसिमका मानिस हुनुपर्छ? १२ तिमीहरू परमेश्वरको दिन प्रतीक्षा गर्दछौ, र त्यस दिनलाई नजिक ल्याउन चाहन्छौ, जुन दिन आकाशहरू जलेर भस्म हुनेछन्, र तत्त्वहरू आगोको रापमा पग्लनेछन्। १३ तर उहाँको प्रतिज्ञाबमोजिम हामी नयाँ स्वर्ग र नयाँ पृथ्वीको बाटो हेर्छौं, जसमा धार्मिकताले

**वास गर्छ। १४ यसकारण प्रिय हो, तिमीहरू यी कुराको प्रतीक्षा गर्नेहरू भएका हुनाले, उहाँको दृष्टिमा तिमीहरू दाग वा खोट नभएकाहरू र शान्तिमा बस्नेहरू हुन प्रयत्न गर। १५ हाम्रा प्रभुको धैर्यलाई मुक्तिझैं ठान। हाम्रा प्रिय भाइ पावलले पनि उनलाई दिइएको बुद्धिअनुसार तिमीहरूलाई यही कुरा लेखे।"**

## ३. दानिएलको पुस्तकमा प्रस्तुत गरिएका संसारको अन्त्यमा हुने बिनाशकारी भविष्यवाणीहरू

पुरानो करारमा धेरै अगमवक्ताहरूले स्वप्नदर्शद्वारा भविष्यवाणी गरेका छन्। तर प्रायजसो तिनीहरूको भविष्यवाणीहरूभन्दा दानिएलले दिएका भविष्यवाणीका सन्देशहरू फरक छन्। दानिएलको भविष्यवाणीहरूलाई आपोक्यालिप्टिक प्रोफेसी वा संसारको अन्त्यमा हुने बिनाशकारी भविष्यवाणीहरूको समूहमा राखिएको छ भने पुरानो करारको अरू भविष्यवाणीहरू क्लासिकल अर्थात् परम्परागत वा मानिसहरूले सजिलै बुझ्न सक्ने समूहमा छन्। यी दुई समूहहरूमा भएका आधारभूत भिन्नतालाई जान्न सकियो भने बाइबलका भविष्यवाणीहरू ठीकसँग बुझ्न सकिन्छ।

आपोक्यालिप्टिक प्रोफेसी वा संसारको अन्त्यमा हुने बिनाशकारी भविष्यवाणीहरूको पहिचान सपना र स्वप्नदर्शनहरूबाटै प्रस्तुत भएतापनि क्लासिकल वा परम्परागत भविष्यवाणीहरूभन्दा केही विशिष्ट छन्। आपोक्यालिप्टिक प्रोफेसी वा संसारको अन्त्यमा हुने बिनाशकारी भविष्यवाणीहरूमा परमेश्वरले उहाँका सन्देशहरूलाई बिशेष गरेर सपना र स्वप्नदर्शनहरूबाटै अगमवक्ताहरूलाई प्रयोग गरेर प्रस्तुत गर्नुहुन्छ। क्लासिकल वा परम्परागत भविष्यवाणीमा अगमवक्ताहरूले "परमेश्वरको वचन" आयो भनेर सम्बोधन गरेका छन्। त्यसमा परमेश्वरको आवाज पनि हुनसक्छ र स्वप्नदर्शनहरू पनि हुन सक्छ। क्लासिकल वा परम्परागत शैलीमा दिइएका सन्देशहरू केही फरक ढङ्गका भएतापनि १६०० पटक व्यक्त गरिएका छन्।

*संयुक्त प्रतीक वा सङ्केत* । परम्परागत शैलीमा दिइएको भविष्यवाणीहरूमा प्रतीक वा साङ्केतिक लवजहरू समावेस भएतापनि केही सिमितमात्रमा प्रयोग गरिएको छ। तर ती प्रतीक वा साङ्केतिक लवजहरू मानिसहरूको जीवनमा अनुभव गरिएका र देखिएका बस्तुहरू हुन्छन्। तर आपोक्यालिप्टिक प्रोफेसी वा संसारको अन्त्यमा हुने बिनाशकारी भविष्यवाणीहरूमा परमेश्वरले यस्ता प्रतीक, चिन्ह वा शङ्केतहरू प्रयोग गर्नुहुन्छ जुन सितिमिति मानिसहरूले बुझ्न

सक्दैनन् किनभने तिनीहरू मानिसहरूको वास्तविक जीवनले देखेको र सुनेकोभन्दा हुन्छ। अचम्म वा अचम्मसँग मिसिएका पशु वा भयानक राक्षस वा तर्साउने जीवहरू जसमा पखेटा र सिंङ भएका बस्तुहरूलाई आपोक्यालिप्टिक प्रोफेसी वा संसारको अन्त्यमा हुने बिनाशकारी भविष्यवाणीहरूमा प्रयोग गरिएको हुन्छ।

*परमेश्वरको सार्बभौमसत्ता र बिनासर्त उहाँको क्रियाकलाप।* परमेश्वरसँग इस्राएलीहरूले बाँधेको करार तिनीहरूले पूरा गरेको करारको भरमा प्रायजसो परम्परागत वा क्लासिकल भविष्यवाणीहरू पूरा भएका हुन्छन्। तर आपोक्यालिप्टिक प्रोफेसी वा संसारको अन्त्यमा हुने बिनाशकारी भविष्यवाणीहरू दानिएलको समयदेखि युगको अन्तमा हुने विश्वसाम्राज्यको उदय र पतनलाई विभिन्न प्रतीक वा सङ्केतहरूद्वारा चित्रण गरिएको छ। यस खालको भविष्यवाणीले परमेश्वरलाई अगाडि नै थाहा भएका घट्नाहरू र उहाँको सार्वभौमसत्तालाई देखाउँदछ। यी भविष्यवाणीहरु पूरा हुने कुरा मानिसहरूको हातमा हुँदैन।

**योना ३:१-१० पढ्नुहोस्। के यो क्लासिकल भविष्यवाणी हो वा परम्परागत भविष्यवाणी हो? यसमा तपाईं आफै सोच्नुहोस्। दानिएल ७:१-६को बारेमा तपाईं के भन्नुहुन्छ? हेर्नुहोस् " १ तब परमप्रभुको वचन दोस्रो पल्ट योनाकहाँ आयोः २ "त्यस ठूलो सहर निनवेमा जाऊ, र म जे समाचार तिमीलाई दिन्छु, सो त्यहाँ घोषणा गर्नु।" ३ योनाले परमप्रभुको वचन पालन गरेर निनवेमा गए। अब निनवे एक अत्यन्तै प्रख्यात सहर थियो। त्यो हेर्नलाई तीन दिन लाग्दथ्यो। ४ पहिलो दिन योना सहरभित्र पसे। तिनले यसो भनेर घोषणा गरे, "अबको चालीस दिनमा निनवे नष्ट हुनेछ" ५ निनवेका मानिसहरूले परमेश्वरमा विश्वास गरे। तिनीहरूले उपवासको घोषणा गरे, र तिनीहरूका ठूला-साना सबैले भाङ्ग्रा लगाए। ६ जब त्यो खबर निनवेका राजाकहाँ पुग्यो, तब उनी आफ्नो सिंहासनबाट उठे, उनले आफ्नो राजपोशाक फुकाले र भाङ्ग्रा लगाएर खरानीमा बसे। ७ तब उनले निनवेमा यसो भन्ने घोषणा गरे। "राजाको र भारदारको उर्दीअनुसारः कुनै मानिस वा पशु, गाई-गोरु वा भेड़ाबाख्रा, कसैले केही खानेकुरा नखाओस्, न त केही पिओस्। ८ तर मानिस र पशुले भाङ्ग्रा लगाऊन्, र परमेश्वरमा पुकारा गरून्। तिनीहरू आफ्ना कुमार्गबाट फर्कून्, तिनीहरूले गर्ने उपद्रव त्याग गरून्। ९ कसले जान्दछ? परमेश्वरले मन नरम गर्नुहोला र दया गरेर आफ्नो भयानक रीसबाट फर्कनुहोला। यसरी हामी नष्ट हुनेछैनौं।" १०**

तिनीहरूले के गरे र कसरी तिनीहरू आफ्ना कुमार्गबाट फर्केर आए भन्ने परमेश्वरले देख्नुभयो। तब उहाँलाई दया आयो, र तिनीहरूलाई सर्वनाश गर्छु भनी गर्नुभएको धम्कीअनुसार उहाँले गर्नुभएन।" र दानिएल ७:१-६ " १ बेबिलोनका राजा बेलसजरको पहिलो वर्षमा दानिएल आफ्नो ओछ्यानमा पल्टिरहँदा तिनले सपना र दर्शनहरू देखे। तिनले त्यस सपनाको सार लेखे। २ दानिएलले भने, "मेरो दर्शनमा राती मैले हेरिरहँदा मेरो अगि आकाशका चार बतासहरूले ठूलो समुद्रलाई मन्थन गरिएका थिए। ३ एक-अर्काबाट फरक चार ठूला पशुहरू समुद्रबाट निस्के। ४ "पहिलोचाहिँ सिंहजस्तै थियो, र त्यसका पखेटाहरू चीलका जस्तै थिए। त्यसका पखेटाहरू नचुँड़ाएसम्म मैले हेरिरहें, र त्यो मानिसजस्तै दुई खुट्टाले उभिने गरी जमिनबाट उठ्यो र त्यसलाई एउटा मानिसको हृदय दिइयो। ५ "अनि मेरो अगि दोस्रो पशु थियो, जुनचाहिँ भालूजस्तै देखिन्थ्यो। त्यसलाई शरीरको एकपट्टिबाट उठाइयो, र त्यसका मुखका दाँतहरूका बीचमा तीन वटा करङहरू थिए। त्यसलाई यस्तो आज्ञा दिइयो: 'उठ् र खानसक्ने जत्ति मासु खा!' ६ "त्यसपछि मैले हेरें, र त्यहाँ मेरो अगि अर्को पशु थियो, जुनचाहिँ चितुवाजस्तै देखिन्थ्यो। अनि त्यसको पिठिउँमा चराको जस्तै चार वटा पखेटाहरू थिए। त्यस पशुका चार वटा टाउकाहरू थिए, र त्यसलाई शासन गर्ने अधिकार दिइयो।"

परम्परागत वा क्लासिकल भविष्यवाणी र आपोक्यालिप्टिक प्रोफेसी वा संसारको अन्त्यमा हुने बिनाशकारी भविष्यवाणीहरू कसरी लेखिएका छन् त्यसलाई विस्तृत तरिकाले हेर्न सकियो भने धेरै फाइदा हुन्छ। प्रथमतः परमेश्वरले मानिसहरूसँग सम्पर्क गर्न धेरै तरिकाहरू (हिब्रू १:१) अपनाउनु हुन्छ भन्ने कुरा उक्त शैलीले देखाउँदछ। दोस्रोमा, यस्तो खालको ज्ञानले बाइबलको जटिल र सौन्दर्यताको अझ राम्ररी सराहना गर्न सक्ने हुन्छौं। तेस्रोमा, त्यस खालको ज्ञानले बाइबलका भविष्यवाणीहरूको अर्थ खोल्न सकिन्छ जुन कि सम्पूर्ण बाइबल सम्मत हुन्छ। "सत्यको वचनलाई" (२ तिमोथी २:१५) ठीकसँग व्याख्या गर्न पनि सकिन्छ।

यहाँ केही भविष्यवाणीहरू छन्। हेर्नुहोस्, होशे ३:४,५ "४ इस्राएलीहरू धेरै दिनसम्म राजा र राजकुमारविना, बलिदान र चोखा ढुङ्गाविना तथा एपोद र देवताविना रहनेछन्। ५ त्यसपछि इस्राएलीहरू फर्कनेछन्, परमप्रभु आफ्ना परमेश्वरलाई र आफ्ना राजा दाऊदलाई खोज्नेछन्। पछिल्ला दिनहरूमा तिनीहरू भयसित परमप्रभु र उहाँका आशिष्‌तिर आउनेछन्।", आमोस

**८:११,१२ "११ परमप्रभु परमेश्वर भन्नुहुन्छ, "यस्ता दिनहरू आउँदैछन्, जब म देशमा अनिकाल ल्याउनेछु– जुनचाहिँ न त अन्नको अनिकाल न पानीको तिर्खा हो, तर परमप्रभुको वचन सुन्ने तृष्णाको अनिकाल हुनेछ। १२ मानिसहरू परमप्रभुका वचनको खोजीमा एक समुद्रदेखि अर्को समुद्रसम्म, र उत्तरदेखि पूर्वसम्म धरमरिँदै हिँड्नेछन्। तर तिनीहरूले त्यो पाउनेछैनन्।" र जकरिया ९:१ "परमप्रभुको वचन हद्राक देशको विरुद्धमा छ, र दमस्कसमा पनि पर्नेछ, किनभने मानिसहरू र इस्राएलका सारा कुलहरूका आँखा परमप्रभुमाथि छन्।" कतिपय इसाईहरूले माथिका अंशहरू पढेर युगको अन्तमा हुने संसारको इतिहासका घट्नाहरू मध्यपूर्व एशियामै भएर उघारिने छ भनेर भनेर आज सिकाउँदछन्। यसरी व्याख्या गर्नु किन गलत छ? आपोक्यालिप्टिक प्रोफेसी वा संसारको अन्त्यमा हुने बिनाशकारी भविष्यवाणीहरू र क्लासिकल वा परम्परागत भविष्यवाणीहरूको बीचमा भएको अन्तरको ज्ञानले माथिका अंश जस्ता सामग्रीहरूलाई कसरी स्पष्टसँग बुझाउँछ?**

## ४. परमेश्वरको समयतालिका

जब हामी **संसारको अन्त्यमा हुने आपोक्यालिप्टिक बिनाशकारी भविष्यवाणीहरूको** बारेमा दानिएलको पुस्तकमा अध्ययन गर्छौं तब हामीले एउटा अर्को महत्त्वपूर्ण धारणालाई पनि हाम्रो दिमागमा सोचिराख्नु अनिवार्य हुन्छ। यो धारणालाई ऐतिहासिकवाद वा इतिहासका घट्नाहरूले निर्धारण गरे अनुसार चल्दछ पनि भनिन्छ। संसारको इतिहास परमेश्वरको हातमा छ मानिसहरूसँग होइन भनेर यस धारणाले देखाउँदछ। तर त्यसको बिपरीत मानिसहरूले अनेकौं धारणाहरू उब्जाएर मानव इतिहास आफ्नो कब्जामा छ भनेर देखाउन खोज्दछन्। तिनीहरूमा अ. प्रिटेरिजम वा जे जति युगको अन्तमा हुने बिनाशकारी घट्नाहरू बाइबलमा उल्लेख गरिएका थिए ती सबै वा केही येशूको जन्मपछि पहिलो शताब्दीमा पूरा भइसकेका छन्। आ. फ्युटरिजम वा अन्तिम समयको बारेमा जे जति भविष्यवाणी गरिएका छन् ती येशूको आगमन हुनुभन्दा अघिमात्र घट्नेछन्। त्यसले गर्दा दानिएलले गरेका भविष्यवाणीहरू कुनै पनि पूरा भएका छैनन्। इ. आइडियलिजम वा आदर्शबाद अर्थात् युगको अन्तमा हुने बिनाशकारी भविष्यवाणीहरू केवल साङ्केतिक र अवधारणाहरूमात्र हुन्। त्यो अध्यात्मिकरूपमा मात्र हेर्ने हो र इतिहासको वास्तविकतासँग त्यसको खासै केही सम्बन्ध छैन। तर ऐतिहासिकवाद ती माथिका तिनवटा

धारणाहरूभन्दा बिपरीत छन्। युगको अन्तमा हुने जे जे बिनाशकारी घट्नाहरू दानिएलको पुस्तकमा उल्लेख गरिएका छन् ती क्रमिकरूपमा दानिएलको समयदेखि युगको अन्तसम्म निरन्तररूपमा परमेश्वरले प्रकट गर्नुहुन्छ भनेर ऐतिहासिकवादले सिकाउँदछ। जब हामी दानिएल २,७,८,११मा उल्लेख गरिएका मुख्य वा प्रधान स्वप्नदर्शनहरूको बारेमा अध्ययन गर्छौं तब विभिन्न दृष्टिकोणहरूद्वारा र नयाँ विस्तृत विवरणद्वारा ऐतिहासिक परिवेशमा दोहोऱ्याइको हामी देख्छौं। एडभेन्टिस्ट पुर्खा एलेन जी ह्वाइटसमेतले बाइबलमा भएका दानिएल र प्रकाशको पुस्तकमा लेखिएका भविष्यवाणीहरू ऐतिहासिक परिवेशमै लेखिएका हुन् भनेर बुझेका थिए।

**भविष्यवाणीको लवजमा एक दिनको अर्थ के हो भनेर देहायका पदहरूले कसरी बुझाउँछ? गन्ती १४:३४ "तिमीहरूले त्यस देशको भेद लिन चालीस दिन बिताएका थियौ, यसकारण दिनको एक वर्ष गरी चालीस वर्षसम्म तिमीहरूले आफ्नो अधर्मको फल भोग्दै रहनेछौ, र तिमीहरूप्रति म नाराज भएको तिमीहरूले थाहा पाउनेछौ'।" र इजकिएल ४:५,६ "५ तिनीहरूको पापका वर्षको संख्याकै बराबर तिम्रो लागि दिनको संख्या तोकेको छु, अर्थात् तीन सय नब्बे दिन। त्यतिञ्जेलसम्म तिमीले इस्राएलका घरानाको पाप भोग्नेछौ। ६ "ती दिन पूरा भइसकेपछि फेरि दाहिनेतिर कोल्टे पर् र यहूदाका घरानाको पाप भोग्। यस पल्ट मैले चालीस दिन तिम्रो निम्ति तोकेको छु, प्रत्येक वर्षको लागि एक दिन।"**

जब हामी दानिएलको पुस्तकमा उल्लेख गरिएका भविष्यवाणीका समयहरूलाई हेर्छौं तब ती समयमा उल्लेख गरिएका वर्षहरू एकदिनको अर्थ एक वर्ष हुन्छ भन्ने नीतिमा आधारित भएको बुझ्नुपर्छ। अर्थात् भविष्यवाणीमा उल्लेख गरिएको एकदिनको अर्थ ऐतिहासिक परिवेशमा एक वर्ष हुन आउँछ। त्यसै अनुसार उदाहरणमा २,३०० बेलुकी र बिहानहरूको अर्थ २,३०० वर्षहरूलाई सम्बोधन गरिएको बुझ्नुपर्दछ (। त्यसै गरि ७० हप्ताको भविष्यवाणीलाई ४९० वर्षहरू भन्ने बुझ्नुपर्छ (दानिएल ९:२४-२७)।

देहायका कारणहरूले गर्दा भविष्यवाणी सम्बन्धी समयतालिका केही हदमा स्पष्ट भएको र ठीक भएको देखिन्छः (१) स्वप्नदर्शनहरू साङ्केतिक वा प्रतीकको रूपमा दिइएको हुनाले त्यहाँ उल्लेख गरिएको समय पनि साङ्केतिक हुनुपर्छ (२) स्वप्नदर्शनमा दिइएका घट्नाहरूको अर्थ लामो समयपछि उघारिएको हुँदा जुन समयतालिका भविष्यवाणीसँग सम्बधित गरिएको छ

त्यसलाई त्यसै अनुसार अर्थ लगाउनुपर्छ। यसमा केही "युगको अन्तमा" हुने घट्नाहरू पनि पर्दछन्। (३) एक दिनबराबर एक वर्ष भन्ने नीति दानिएलको पुस्तकले पुष्टि गर्दछ। राजा आर्तसास्तदेखि गरिएको भविष्यवाणी येशू मसीहको रूपमा आउनुहुने भविष्यवाणी ७० हप्तासम्मै फैलिएको यसको स्पष्ट उदाहरण हो। त्यसकारण दानिएलको पुस्तकमा दिइएका भविष्यवाणीका तालिकाहरूलाई स्पष्ट र ठीकसँग बुझ्न एक दिनको अर्थ एक वर्ष हो भन्ने सिद्धान्त अनुसार व्याख्या गर्नु जरुरी छ भनेर स्वीकार्नुपर्दछ।

**कतिपय भविष्यवाणीहरूका केही समयतालिका सयौं र हजारौं वर्षसम्म ओगटिएका छन्। त्यसले हामीमा हुनुपर्ने धैर्यताको बारेमा कसरी सिकाउँछ?**

## ५. बर्तमान परिप्रेक्ष्यमा दानिएलको पुस्तकको सान्दर्भिकता वा उपयुक्तता

दानिएलको पुस्तक २५०० वर्ष अघि लेखिएतापनि वर्तमान एक्काइसौं शताब्दीमा परमेश्वरका जनहरूको निम्ति ज्यादै गहिरो र महत्त्वपूर्ण अनि सान्दर्भिक पुस्तक वनिरहेको छ। यो पुस्तक हाम्रो निम्ति किन सान्दर्भिक र महत्त्वपूर्ण छ भनेर त्यसले औंल्याएका तीन महत्त्वपूर्ण विषयबस्तुहरूलाई हामी नियाल्नेछौं।

***हाम्रो जीवनको सर्वेसर्वा परमेश्वर हुनुहुन्छ।*** कतिपय समयमा हामीले सोचेको वा चाहेको अनुसार काम नहोला र बिग्रेला पनि तर हामीहरूको मानवीय कमजोरीले निम्त्याएका कामहरू भत्केतापनि उहाँले उहाँका सन्तानहरूको हितको निम्ति त्यसलाई प्रयोग गर्नुहुन्छ। हाम्रो भूलमा पनि परमेश्वर नै सर्वेसर्वा भएर खडा भइरहनुहुन्छ। जुन अनुभव दानिएलले बेबिलोनमा गरेका थिए ती अनुभव इजिप्टमा युशूफले र पर्सियामा एस्थरले गरेका जस्ता थिए। ती तिनै युवाहरू र युवतीहरू विदेशमा बन्धकको रूपमा थिए र तिनीहरूलाई रजाइँ गर्नेहरू सनातन सृष्टिकर्ता परमेश्वरका उपासक नभइ सृष्टि वा सृष्टिका थोकहरूलाई ईश्वर भनेर पूजा गर्दथे। झट्ट हेर्दा ती युवाहरूको अवस्था परमेश्वरले तिनीहरूलाई त्यागनुभए जस्तै देखिन्थ्ये। तिनीहरू कमजोर र हिम्मत नभएकाहरू जस्ता देखिन्थे। तर परमेश्वरले तिनीहरूलाई बलवान बनाउनुभयो र उहाँको निम्ति तिनीहरू अत्यन्तै प्रभावकारी औजार हुन पुगेका थिए। जब हामी दुःख, कष्ट, परीक्षा, विरोध र सङ्कष्टको सामना गर्न पुग्छौं तब परमेश्वरले दानिएल, युशूफ र एस्थरलाई के गर्नुभयो त्यसलाई पछाडि फर्केर हेर्न सक्नुपर्छ। परमेश्वर हाम्रा प्रभु र स्वामी नै भएर

बस्नुहुन्छ र  हाम्रो दुःखकष्ट र परीक्षामा पनि उहाँले हामीलाई त्याग्नु हुन्न भन्ने कुरामा हामी ढुक्क हुनसक्नुपर्छ।

*ऐतिहासिक क्रियाकलापको परिचालन परमेश्वरले नै गर्नुहुन्छ।* विगतको इतिहास, बर्तमानकालमा घटिरहेका घट्नाहरू र भविष्यमा हुने अन्धकारमय घट्नाहरूले गर्दा कतिपय समयमा हामी आफै पनि अन्यौलमा परिरहेका हुन्छौं र हामी कहाँ गइरहेकाछौं सो हामीलाई नै थाहा हुँदैन। यस संसारमा पाप, हत्या, हिंसा, आतङ्कको बिगिबिगि छ। तर दानिएलको सन्देश स्पष्ट छः सबै थोक परमेश्वरको नियन्त्रणमा छ। इतिहासको बहाबलाई परमेश्वरले नै नियन्त्रण गर्नुहुन्छ भनेर दानिएलको पुस्तकको प्रत्येक अध्यायको सन्देशले किला जस्तै ठोकिरहेको छ। यस मामिलामा एलेन जी ह्वाइट भन्नुहुन्छः "विश्वको मानव इतिहासको बृतान्त अनुसार विश्वका राष्ट्रहरूको बिकास र सम्बृद्धि, राजनैतिक वा साम्राज्यहरूको उदय वा पतन मानिसहरूको कलाकौशल, चाहना, शारीरिक र मानसिक बलमा निर्भर रहे जस्तो  देखिन्छ। मानिसको शक्ति, महत्वाकांक्षा, लहडले विभिन्न घटनाहरू केही हदमा घटेको जस्तो हामीलाई लाग्छ। तर यदि परमेश्वरको वचनको पर्दा खोल्यौं र त्यसभित्र तलमाथि, चारैतिर सर्वत्र हेर्न सक्यौं भने त्यहाँ यी दृश्यहरू स्पष्टरूपमा यसरी देख्न सक्छौंः मानिसहरूका चासो, शक्ति र तीब्र चाहना अनुसार खेलिरहेका सबै खेलहरू वा नाटक र प्रतिस्पर्धा वा एकआपसको होडवाजी अर्थात् तँछाडमछाड गर्ने मानवीय प्रवृत्ति सदाशयता आदि यी सबै कुरा दयाले सम्पन्न हुनुभएका परमेश्वरले नै चुपचाप, धैर्यता र सहनशीलताका साथ आफ्नै सिफारिसमा दूतहरू पठाउनुभएर परिचालन गरिरहनुहुन्छ।"-एलेन जी ह्वाइट, *एजुकेशन,* पृ. १७३बाट रूपान्तरित।

*युगको अन्तमा हुने उहाँका जनहरूको निम्ति आवश्यकपर्ने अनुकरणीय मानवीय उदाहरण वा आदर्श व्यक्तिहरू उहाँले नै उपलब्ध गराउनुहुन्छ।* संसारलाई बाइबलभन्दा अनौठो किसिमले हेर्ने दृष्टिकोण वा बाइबलसम्मत नचल्ने समाजमा दानिएल र उनका मित्रहरू धरोहरको रूपमा खडाभएर सबैको निम्ति जीवनको अनुकरणीय उदाहरणहरू बनेका थिए। कतिपय समयमा बेबिलोन सभ्यता, समाज, संस्कार र धर्मसँग अलिकति पनि सम्झौता नगरि तिनीहरूले परमेश्वरप्रतिको आस्था र उहाँको वचनप्रतिको समर्पणतामा आफ्नो अडान कायमै राखे। जब हामी सुसमाचारको निम्ति सतावट र विरोधको सामाना गर्दछौं तब उनीहरूले आफ्नो आस्थामा देखाएका

बफादारिता र परमेश्वरप्रति देखाएका पूर्ण समर्पणताले हामीलाई उत्साह र साहस दिँदछ। फेरि त्यसैबखत राज्यको असल नागरिकभएको हैसियतले परमेश्वरप्रति बफादर भएपछि राष्ट्र र समाजको उत्थानको निम्ति सक्रिय हुनसक्छ भनेर दानिएलले हामीलाई देखाएका छन्।

हाम्रो व्यक्तिगत जीवनको दुःखकष्ट र संघर्षप्रति परमेश्वर संवेदनशील हुनुहुन्छ र उहाँले चासो देखाउनुहुन्छ भनेर देहायका केही पदहरूले कसरी देखाउँछन्? हेर्नुहोस्ः दानिएल ९ः२०-२३ "२० जसै म बोल्दै र प्रार्थना गर्दै, मेरो आफ्नै पाप र मेरा इस्राएली जातिको पाप स्वीकार गर्दै र उहाँको पवित्र डाँड़ाको लागि परमप्रभु मेरा परमेश्वरसँग बिन्ती गर्दैथिएँ– २१ जसै म प्रार्थनामा नै थिएँ, पहिलेको दर्शनमा मैले देखेका मानिस, गब्रिएल, साँझका बलिदानको समयमा वेगसँग उड़ेर मकहाँ आए।२२ उनले मलाई आदेश दिए र भने, "हे दानिएल, अहिले म तिमीलाई अन्तर्ज्ञान र समझ दिन आएको छु। २३ तिमीले प्रार्थना गर्न थाल्ने बित्तिकै प्रार्थनाको उत्तर दिइयो, जुनचाहिँ तिमीलाई बताउन म आएको छु, किनकि तिमी अति सम्मानित छौ। त्यसकारण सन्देशलाई विचार गर र दर्शन बुझ।", दानिएल १०ः७-१२ "७ म, दानिएलले मात्र त्यो दर्शन देखें। मसँग भएका मानिसहरूले त्यो देखेनन्, तर तिनीहरूलाई यति डर आयो कि तिनीहरू भागे र आफै लुके। ८ यसकारण म त्यस महान् दर्शन हेर्दैरहेको अवस्थामा एकलै छोड़िएँ। ममा कुनै बल बाँकी रहेन, मेरो अनुहार मरेतुल्य पहेंलो भयो र म असहाय भएँ। ९ तब तिनले बोलेका मैले सुनें र जसै मैले तिनको कुरा सुनें, म जमिनमा घोप्टो परेर मस्त निद्रामा परें। १० एउटा हातले मलाई छोयो र म डरले कामेकै अवस्थामा मेरा हात र घुँड़ामा उभिन लगायो। ११ तिनले भने, "दानिएल, तिमी जो अति नै सम्मान गरिएका छौ, मैले तिमीलाई भन्न लागेका वचनहरूमा राम्रोसँग विचार गर, र खड़ा होऊ, किनभने म तिमीकहाँ पठाइएको छु।" जब तिनले यो मलाई भने, म डरले थरथर काम्दै उभिएँ। १२ तिनले भन्दैगए, "नडराऊ दानिएल, तिमीले आफ्नो मन समझतिर लगाएको र तिम्रा परमेश्वरको सामु आफैलाई नम्र तुल्याएको पहिलो दिनदेखि नै तिम्रा शब्दहरूको सुनुवाइ भएको थियो, र म तिनकै प्रतिउत्तरमा आएको छु।" र मत्ती १०ः२४-३३ "२४ "चेला आफ्ना गुरुभन्दा र कमारो आफ्ना मालिकभन्दा श्रेष्ठ हुँदैन। २५ चेला आफ्ना गुरुजस्तो र कमारो आफ्ना मालिकजस्तो हुनु यथेष्ट छ। यदि तिनीहरूले घरका मालिकलाई नै बालजिबुल भनेका छन् भने, उनका परिवारकाहरूलाई झन् कति बढ़ी भन्लान्? २६ "यसकारण तिनीहरूसँग

**नडराओ। किनभने ढाकेर प्रकट नहुने र लुकेर थाहा नहुने केही छैन। २७
जे म तिमीहरूलाई अन्धकारमा भन्दछु, त्यो तिमीहरूले उज्यालोमा भनिदेओ, र जे
तिमीहरूले कानमा सुन्छौ, त्यो घरका धुरीहरूबाट प्रचार गर। २८ तिनीहरूसँग
नडराओ जसले शरीरलाई मार्छन्, तर आत्मालाई मार्न सक्दैनन्। बरु आत्मा र
शरीर दुवैलाई नरकमा नाश गर्न सक्नेसँग डराओ। २९ के एक पैसामा दुई
भँगेरा बिक्दैनन्? तीमध्ये एउटा पनि तिमीहरूका पिताको इच्छाविना भूइँमा
खस्नेछैन। ३० तिमीहरूका शिरका केशहरू पनि सबै गन्ती भएका छन्।
३१ यसकारण तिमीहरू नडराओ, तिमीहरू धेरै भँगेराभन्दा बढ्ता मूल्यवान् छौ।
३२ "यसकारण हरेक जसले मानिसहरूका सामु मलाई स्वीकार गर्छ, म पनि
उसलाई स्वर्गमा हुनुहुने मेरा पिताको सामुन्ने स्वीकार गर्नेछु। ३३ तर हरेक
जसले मलाई मानिसहरूका सामुन्ने इन्कार गर्छ, म पनि उसलाई स्वर्गमा हुनुहुने
मेरा पिताको सामुन्ने इन्कार गर्नेछु।"**

## उपसंहारः

**थप जानकारीः "सृष्टिकर्ता** परमेश्वरको सदिच्छा अनुसार चल्न चाहने हरेकको निम्ति र उहाँको चाहनाप्रति परिचित हुनलाई अगुवाई गर्न हामीलाई बाइबल दिइएको छ। मानिसहरूलाई परमेश्वरले निश्चित भविष्यवाणीको वचन दिनुभएको छ। स्वर्गदूतहरू र येशू आफै पनि दानिएल र यूहन्नाकहाँ आउनुभएर युगको अन्तमा हुने घट्नाहरू अवगत गराउन आउनुभएको थियो। हाम्रो मुक्तिको विषयमा चासोकासाथ राखिएका भविष्यवाणीका महत्त्वपूर्ण विषयबस्तुहरूलाई वेवास्ता गर्नुहुन्न। सत्यलाई हृदयदेखि र इमान्दारितकासाथ खोजनीति गर्नेहरूलाई अलमल पार्न र गलत दिशामा लान ती भविष्यवाणीहरू प्रकट भएका थिएनन्। अगमवक्ता हाबकूकलाई परमेश्वरले भन्नुभयो, "स्वप्नदर्शन लेख। यसलाई प्रष्ट पारिदेऊ...ताकि जसले पढ्छ त्यो दगुर्न सकोस्।' हाबाकुक २:२।प्रार्थनापूर्वक वचन पढ्ने मानिसहरूको निम्ति परमेश्वरको वचन स्पष्ट छ। सत्यवादी हृदयभएका प्रत्येक व्यक्ति सत्यको ज्योतिमा आउँछ। "धर्मी वा जो ठीक बाटोमा हिंड्न चाहन्छ त्यसको निम्ति ज्योति देखाइएको छ।" भजन ९७:११। र कुनै पनि चर्चले पवित्र रहेर प्रगति गर्न सक्दैन यदि त्यसका सदस्यहरू गाडिएका धन जस्तै परमेश्वरको वचनलाई हृदयदेखि खोजनिति गरेर अध्ययन गर्दैनन् भने।"-एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ५२१,५२२बाट रूपान्तरित।

"दानिएल र उनका सहकर्मीहरूको इतिहास पढ्नु जरुरी छ। जुन वातावरणमा तिनीहरू रहेका थिए त्यस वातावरणको प्रत्येक पक्षमा तिनीहरू मोजमस्ती गर्ने लोभमा थिए तर तिनीहरूको दैनिक जीवनले परमेश्वरको आदर र महिमा गर्न रोज्यो। शत्रुले बिछ्याएको खराब बाटोमा हिंड्न तिनीहरूले अस्वीकार गरे। परमेश्वरप्रतिको तिनीहरूको पक्का बफादारिताप्रति उहाँले उचित इनामसहित प्रसस्त आशिषहरू खन्याउनुभएको थियो।"-एलेन जी ह्वाइट, मान्युस्क्रिप्ट (नं २२४), पृ. १६९,१७०बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. जब हामी दानिएलको पुस्तक अध्ययन गर्दछौं तब एउटा अत्यन्तै प्रभाकारी र उल्लेखनीय विषय बारम्बार आइरहेको हामी देख्छौं। सारा राष्ट्रहरूको प्रभुसत्ता परमेश्वरमामात्र छ। हामीले सोचे भन्दा हामीसँग गहिरोसम्पर्कमा उहाँ हुनुहुन्छ। यसको ज्वलन्त उदाहरण दानिएल २ मा हामी पाउँछौं। मूर्तिपूजा गर्ने र आफूप्रति आस्था नराख्ने राजालाई पनि उहाँले सपना देखाइदिनुभएको थियो। सुतिरहेको व्यक्तिलाई उनको दिमागमा सपना रोपीदिनुले उहाँ मानिससँग कतिको नजिक हुनुहुँदो रहेछ भन्ने कुरा हाम्रो मगजले बुझ्न पनि सक्दैन। फेरि त्यसैबखत सपनाको विवरणद्वारा हामी देख्छौ कि संसारको सबै साम्राज्य वा राष्ट्रहरूको सार्बभौमसत्ता परमेश्वरकै हातमा छ र प्रत्येक थोकको अन्त कसरी हुन्छ सो उहाँलाई थाहा छ। हजारौं वर्ष अघि देखाइएको इतिहासको वास्तविकतालाई चित्रण गर्दा त्यसबाट हामी के आशा र सान्त्वना पाउन सक्छौं? फेरि त्यसैवखत परमेश्वर तपाईंको यस्तो नजिक हुनुहुन्छ कि तपाईंले के सोच्नुभएको छ सो उहाँलाई थाहा छ, यो कुरा तपाईंलाई कस्तो लाग्छ? यस परिवेशमा क्रुसको प्रतिज्ञा किन उल्लेखनीय र महत्वपूर्ण हुन्छ?

आ. युगको अन्तमा हुने विध्वंसलाई देखाउने भविष्यवाणी र क्लासिकल वा परम्परागत भविष्यवाणीको भिन्नताको बारेमा सोच्दै बाइबलमा त्यसका उदाहरणहरू कहाँ कहाँ छन् सो खोजनीति गर्नुहोस्।

## कथा १

## साथीहरू बनाऊ, तर एडभेन्टिस्ट होइन

आन्द्र्यु मेकचिस्नी, एडभेन्टिस्ट मिशन

सोभियत रुसको राजधानी मस्कोबाट इगोर गोसपोडरेटसले सुसमाचारीय प्रचारको लागि ८०० वटा पोस्टरहरू मगाए। त्यसको शीर्षक थियो "बाइबल ओपनस् द पाथ टु ए हेल्थी एण्ड हाप्पी लाइफ" अर्थात् "बाइबलले स्वस्थ र सुखी जीवनको निम्ति बाटो खुला गर्छ।" पहिलाको सोभियत गणराज्यको एक देशमा इगोरले ती पोस्टरहरू पाएपछि सहरका भित्ताहरूमा टाँसे। त्यो देशका अधिकांस मानिसहरू इसाई थिएनन्। सबै पोस्टरहरू टाँसिसकेपछि एक जना अगुवा प्रचारकले ती पोस्टरहरू फेरि मगाएर सहरका बाँकी भित्ताहरूमा टाँस्न लगाए। "८०० वटा थप नयाँ पोस्टरहरू मगाउनुहोस् जसमा सेभेन्थ-डे एडभेन्टिस्ट चर्चले आयोजना गर्ने पाँच दिने चुरोट खान रोक्ने कार्यक्रमको बिज्ञापन लेखिएको छ" आर्टुरो स्मिडिटले इगोरलाई भने। आर्टुरो अर्जेन्टिनाका सुसमाचार प्रचारक थिए।

आर्टुरोको अनुरोध सुन्दा इगोरलाई विश्वासै लागेन। पहिलाको ८०० वटा पोस्टरको निम्ति धेरै पैसा खर्च भएको थियो। त्यो टाँस्न समय र ठाउँ पनि धेरै लागेको थियो। फेरि नभएको पैसा र समय खर्च गर्न इगोर तयार थिएनन्। उनले "किन?" भनेर आर्टुरोलाई सोधे।

"हाम्रो लक्ष्य भनेको इसाई नभएकाहरूलाई एडभेन्टिस्ट बनाउने होइन वा धर्मपरिवर्तन गर्ने होइन तर साथीहरू बनाउने हो" आर्टुरोले जवाफ दिए।

यो सन् १९९२को कुरो हो। सोभियत गणराज्य टुक्रिएको एक वर्षमात्र भएको थियो। इगोर नयाँ युवा एडभेन्टिस्ट पास्टर थिए। उनको देशमा भर्खर लागु भएको धार्मिक स्वतन्त्रताको उपभोग गर्दै इगोर अरूलाई येशूको प्रेमको बारेमा बाँड्न चाहन्थे।

आर्टुरोको सल्लाहप्रति इगोरलाई चित्त बुझेन। येशूको बारेमा प्रचार नगर्ने कुरालाई उनले मन पराएनन्। चुरोट खान रोक्ने कक्षाहरू संचालन गर्ने कुरा उनलाई तर्कयुक्त लागेन। सुसमाचार प्रचार गर्न पोस्टर किनेर खर्च गरेको पैसा खेर गए झैं उनलाई लाग्यो। र उनले प्रार्थना गरे।

आखिरमा जे होला होला भनेर उनले आर्टुरोको कुरो मान्ने निधो गरे। सायद आर्टुरोलाई केही थाहा थियो तर आफूलाई थाहा नभएको जस्तै गरे।

अनि उनले मस्कोबाट चुरोट खान रोक्ने कार्यक्रमको लागि ८००वटा पोस्टर मगाए। उनले अगाडिका पोस्टरहरूमाथि नयाँ पोस्टरहरू टाँसे।

जब चुरोट खान रोक्ने पहिलो कार्यक्रममा मानिसहरू भेला भए तब इगोर छक्क परे। बहालमा लिएको हल त १००० जना मानिसहरूको भिडले खचाखच भएको थियो। प्रायजसो आगन्तुकहरू इसाई थिएनन्। पहिलाको पोस्टरले यतिका मानिसहरूलाई आकर्षित गरेको रहेनछ भनेर उनले महसुस गरे।

पाँच वर्षपछि एक साबथको प्रवचन पछि चर्चमा एक जना मानिस इगोरकहाँ आएर हात मिलाए।

"के तपाईं मलाई चिन्नुहुन्छ?" त्यस मानिसले इगोरलाई सोधे। इगोरले उनलाई चिनिन त भनेर जवाफ दिए।

"पाँच वर्ष अघि तपाईंहरूले आयोजना गर्नुभएको चुरोट रोक्ने कार्यक्रममा भाग लिने १००० जनाको भिँडमा म पनि थिएँ। तपाईं र पास्टर आर्टुरोले सिकाएको मैले सुनें" ती मानिसले जवाफ दिए। आफू येशूलाई विश्वास नगर्ने परिवारमा जन्मेको र धेरै वर्षसम्म चुरोट खान रोक्ने प्रयास गरेको उनले बताए। त्यस चुरोट रोक्ने कार्यक्रमले उनलाई सहयोग गरेको र उनका साथीहरू पनि एडभेन्टिस्टहरू भएकोले आफू पनि प्रत्येक साबथ चर्चमा जान थालेको उनले सुनाए। इगोरले उनको कुरा विश्वासै गर्न सकेनन्।

"त्यहींबेलामा मित्र बनाएर सुसमाचार सुनाउनु कति महत्त्वपूर्ण रहेछ भनेर मैल बुझें" इगोर गोजपोडरेटसले भने। वर्ष ५९को इगोर अहिले रुसको दक्षिणी भागमा चर्चको अगुवा हुनुहुन्छ। उनी यी लेखकलाई भन्छन् "हाम्रो उद्देश्य भनेको गैरइसाईहरूको धर्मपरिवर्तन गरेर एडभेन्टिस्ट बनाउने होइन। तर हाम्रो उद्देश्य भनेको येशूको निम्ति साथी बनाउनु हो।"